कृषि, उद्योग, व्यापार, पर्यटन, ऊर्जा, सूचना प्रविधि र पूर्वाधार: Smart City वालिङ निर्माणका आधार

वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६३-४४०१७७

पत्र सं: ०८३/०८४

च नं:

मिति: २०८३।०४।०६

## सम्पत्ति कर तथा भूमि (मालपोत) कर संकलन सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत विषयमा यस नगरपालिकामा सञ्चालनमा रहेको **राजश्व संकलन सम्बन्धी प्रणाली** को विवरण **स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रणालीमा डाटा स्थानान्तरण (Data Transfer/Migration)** गर्ने क्रममा प्राविधिक समस्या उत्पन्न भएको कारण हाल विद्यमान सम्पत्ति कर सम्बन्धी अभिलेख (श्रेस्ता) पुनः कायम गरी प्रत्येक करदाताको विवरण नयाँ रूपमा प्रणालीमा प्रविष्ट (Entry) गर्नुपर्ने अवस्था सिर्जना भएको छ। तथापि, **२०८३ साल साउन ७ गतेदेखि** सम्पत्ति कर तथा भूमि (मालपोत) कर बाहेकका अन्य राजश्वहरु प्रचलित व्यवस्था बमोजिम नियमित रूपमा संकलन गरिने व्यहोरा अनुरोध छ ।

सम्पत्ति कर तथा भूमि (मालपोत) कर दाखिला गर्न इच्छुक सेवाग्राहीहरूले सम्बन्धित जग्गाको **लालपुर्जाको प्रतिलिपि (फोटोकपी)** सहित उपस्थित भई **२०८३ साल साउन १२ गतेदेखि** सम्पत्ति कर तथा भूमि (मालपोत) करको राजस्व दाखिला गर्न सक्नुहुने व्यहोरा समेत अनुरोध छ।

सम्पत्ति करको विवरण नयाँ प्रणालीमा पुनः प्रविष्ट गर्नुपर्ने भएकाले सेवा प्रवाहमा केही समय लाग्न सक्ने तथा सेवाग्राहीहरूलाई केही असुविधा हुन सक्ने भएकाले यसबाट पर्न जाने असुविधाप्रति वालिङ नगरपालिका क्षमायाचना व्यक्त गर्दछ। साथै, यस कार्यमा आवश्यक सहयोग एवं सहकार्यका लागि समेत अनुरोध छ।

...........................

भोजराज बगाले

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत